म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २७५ शुक्रबार ५ जेठ २०८० ने. सं. ११४३ बछलागा 19 May 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कर्मचारी आवश्यकता

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

D Pharma - २ जना
B Pharma - २ जना

तलब: आपसी समझदारीमा निर्धारण गरिनेछ ।

सक्षम औषधी पसल/अग्रिम औषधी पसल
मकवानपुर सहकारी अस्पताल
हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९

## अन्ततः प्रधानमन्त्रीले मिलाए विवाद, आइतबार बागमती सरकारले पूर्णता पाउने

साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/ बागमतीमा मन्त्रालय भागबण्डालाई लिएर भएको विवाद बिहीवार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा मिलेको छ ।

भागबण्डा विवाद नमिल्दा माओवादी नेतृत्वको बागमती सरकार निरन्तर दबाबमा परेपछि प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रदेशका नेताहरुलाई बालुवाटार बोलाएका थिए ।

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेतासमेत रहेका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामा र नेकपा (एकीकृत समाजवादी)का नेता तथा निवर्तमान आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्ण शर्मा खनाललाई राखेर प्रधानमन्त्री प्रचण्डले विवाद मिलाएका हुन् ।

नेपाली कांग्रेस सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, सरकारका उपप्रधानमन्त्री पूर्णबहादुर खड्का, गृहमन्त्री नारायणकाजी श्रेष्ठसहितको बालुवाटार बैठकमा प्रचण्डले लामा र खनाललाई मिलेर जान सुझाएका थिए । गठबन्धनका शीर्ष नेतृत्वको निर्देशनअनुसार भागबण्डा विवाद मिलेको नेता खनालले जानकारी दिएका छन् । 'मन्त्रालयलाई लिएर देखिएको समस्या हल भएको छ । अब मिलेर जाने कुरा भएको छ ।', खनालले भने ।

खनालका अनुसार एकीकृत समाजवादीले २ वटै मन्त्रालय पाउने भएको छ । जसअनुसार कांग्रेसले ५ वटा मन्त्रालय लिने भएको हो । आइतबारसम्म सरकार विस्तार गरिसक्ने गरी नेतृत्वबाट निर्देशन आएको खनालले जानकारी दिए । 'आइतबारसम्म सरकार विस्तार गर्नु भन्ने कुरा छ । अब विवाद केही छैन । प्रदेश सरकार आफ्नो गतिमा अघि बढ्छ ।', उनले भने ।

प्रदेश सरकारको ११ सस्यीय मन्त्रिमण्डलमा नेपाली कांग्रेस



र नेकपा (एकीकृत समाजवादी)बीच कसले कति मन्त्रालय लिने भन्ने विवाद थियो । कांग्रेसले ६ वटा र एकीकृत समाजवादीले २ वटा मन्त्रालय नलिई नछोड्ने अडानका कारण विगत ५४ दिनदेखि बागमतीको सरकार अपूर्ण छ । तर, मुख्यमन्त्री शालिकराम जम्कट्टेलले केही दिनअघि कांग्रेसलाई ५ वटा र एकीकृत समाजवादीलाई २ वटा मन्त्रालय भागमा पर्ने गरी भागबण्डा लगाइदिएपछि विवाद उत्कर्षमा पुगेको थियो ।

५-४-२ को भागबण्डा लागिसकेपछि पनि एकीकृत समाजवादीलाई १ मन्त्री र १ राज्यमन्त्री दिएर कांग्रेसले ६ वटै मन्त्रालयमा अडान राखेपछि एकीकृत समाजवादीले सरकार छोड्नेसम्मको चेतावनी दिएको थियो । प्रदेश सरकारमा खटपट हुने संकेत पाएपछि प्रधानमन्त्री प्रचण्डले नेताहरुलाई बालुवाटारमा बोलाएका हुन् । कांग्रेस स्रोतका अनुसार बालुवाटार बैठकबाट सहमति भएको जनाइएको छ । तर, असन्तुष्ट बनेको कांग्रेसले खुलेर बोल्न चाहेको देखिँदैन । नेता बहादुर सिं लामाले आफ्नो स्वकीयलाई फोन उठाउन लगाएर धारणा दिइरहेका छन् । उनका स्वकीयले भन्ने गरेका छन्, 'मैले भनेको विषय नै माननीयज्युको भनाई हो,' ।

भागबण्डा विवादलाई लिएर बुधवार नयाँ मन्त्रीहरुको सपथ ग्रहण कार्यक्रम एकाएक रोकिएको थियो । सपथग्रहण रोकिएसँगै गठबन्धनमा पुन: लफडा सुरु भएको थियो । मुख्यमन्त्री जम्कट्टेलले यसअघि आफैंले सम्हाल्दै आएको पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र स्वास्थ्य मन्त्रालय कांग्रेसलाई सुम्पिएका थिए ।

तीन वटै मन्त्रालय कांग्रेसका नेता लामाको जिम्मेवारीमा छोडिएको थियो । जसअनुसार कांग्रेसले २६ चैतमै आर्थिक मामिला तथा योजना र खानेपानी, उर्जा तथा सिचाई मन्त्रालय पाएसँगै ५ वटा मन्त्रालयको भाबगण्डा लागेको हो । लामा आर्थिक मामिला तथा योजना मन्त्रालय र तीर्थ लामाले खानेपानी तथा सिचाईं मन्त्रालय लिएका थिए ।

यसो हुँदा एकीकृत समाजवादीले श्रम, रोजगार तथा यातायात र कृषि तथा पशुपन्छी विकास मन्त्रालय लिने पक्कापक्की भइसकेकोमा पुन: भागबण्डालाई लिएर लफडा भएको हो । आगामी आर्थिक वर्ष २०८०/८१ का लागि नीति तथा कार्यक्रम र बजेट ल्याउने तयारीमा जुटेको सरकारलाई पूर्णता दिन मुख्यमन्त्री जम्कट्टेल हत्तारिएका थिए । जम्कट्टेल हत्तारिएका मात्रै थिएनन्, मन्त्रालय संख्या बढाउन र राज्यमन्त्री नियुक्त गर्ने पक्षमा पनि थिएनन् । उनैले १४ वटाबाट ११ वटा मन्त्रालय बनाएका थिए । मुख्यमन्त्रीको कार्यभार सम्हाल्दा आफ्नो कार्यकालमा राज्यमन्त्री नियुक्त नगर्ने घोषणा पनि गरेका थिए । जसकारण कांग्रेसलाई ५ वटै मन्त्रालय लिनुको अन्तिम विकल्प थिएन ।

सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रले मुख्यमन्त्रीसहित ४ वटा मन्त्रालय लिएको थियो । कांग्रेसले ६ वटै मन्त्रालय मागेर अडान राखेकाले जम्कट्टेलले भने ५ वटासम्म मन्त्रालय दिनसक्ने यसअघि नै बताएका थिए । भागबण्डा टुंग्याउन कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता रामकृष्ण चित्रकारको संयोजकत्वमा कार्यदल गठन गरेपनि सहमति हुन सकेको थिएन । कार्यदलको आधा दर्जन बैठक बसेपनि सहमति हुन नसक्दा सरकार विस्तार अनिश्चित बन्दै आइरहेको थियो । बागमती प्रदेशसभामा कूल सातवटा दलको प्रतिनिधित्व छ । प्रदेशसभामा नेपाली कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३, एकीकृत समाजवादीको ७, नेमकिपाको ३ र हाम्रो नेपाली पार्टीको २ मत छ ।

## जनताका असन्तुष्टी हटाउन परिवर्तन हुनुपर्छः मुख्यमन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/बागमती प्रदेशका मुख्यमन्त्री शालिकाराम जम्कट्टेलले जनतामा देखिएको असन्तुष्टी हटाउन सरकारी निकायहरु परिवर्तन हुनुपर्ने बताएका छन् ।

बिहीबार हेटौंडामा आयोजित विज्ञापन नियमन सम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री जम्कट्टेलले सरकारका निकायहरु पारदर्शी हुन नसकेको बताए । जनताले लडेर ल्याएको व्यवस्थामा सरकारी निकायहरुको कमजोरीका कारण असन्तुष्टि पैदा भएको उनको आरोप थियो । 'हाम्रा सरकारी निकायहरु पारदर्शी छैनन् । हामीले नहुने काम हुँदैन भन्न सक्नुपर्छ । हुन्छ भनेर टार्ने कामले गर्दा वर्तमान व्यवस्थाप्रति नै जनताको असन्तुष्टि बढ्दो छ', जम्कट्टेलले भने, 'जनताले लडेर ल्याएको व्यवस्थाप्रति बढ्दो असन्तुष्टि सरकारी निकायको कमजोरीका कारण आएको छ । यसलाई परिवर्तन गर्नुपर्छ ।',

प्रदेश सरकारले सञ्चार ऐन बनाएर सञ्चार रजिष्ट्रार नियुक्त गरी सञ्चार सम्बन्धी अधिकार संघ सरकार बाट ल्याउने प्रयत्न गरेको भएपनि सफलता पाउन नसकेको उनले बताए । सञ्चार रजिष्ट्रार नियुक्त भएपछि थुप्रै कामहरु गर्न सरकार सफल भएको उनको भनाई




छ । संघीयता कार्यान्वयनका विषयमा तीनै तहका सरकार स्पष्ट हुन जरुरी रहेको उनले बताए । संविधान र संघीयता बलियो बनाउने विषयमा राज्यका सबै संरचना अघि बढ्नुपर्ने उनको भनाई छ ।

समानसुपातिक समावेशी र धर्म निरपेक्षताका लागि लडेर निर्माण गरेको नेपालको संविधान उत्कृष्ट मानिएको र त्यसलाई स्थापित गर्न सफल भएको उनको दाबी छ । संघीयता कार्यान्वयन पछि पनि अधिकारहरु संघ सरकारले रिजर्भ गरेर राख्न नहुने उनले बताए । माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले संघीयता कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहलाई अधिकार दिने विषयमा थुप्रै कामहरु गर्न सफल भएको जम्कट्टेलले दाबी गरेका छन् ।

लोककल्याणकारी विज्ञापन वापत मिडियाले बोर्डलाई दिनुपर्ने तीन प्रतिशत रकम प्रणाली हटाइदिन उनको आग्रह छ । बोर्ड सम्बन्धी कानुन नियम नभएकोले ऐन र नियमावली निर्माण गरी वोर्डलाई प्रदेशिक रुपमा लैजाने र अधिकार सम्पन्न बनाउन उनले अनुरोध गरे । दर्ता भएका विज्ञापन एजेन्सी हजारौं संख्यामा रहेता पनि क्रियाशील सयौं संख्यामा रहेको बताए । उनले कानुनको व्यवस्थामा बोर्डको ध्यान गई संसोधन गर्नुपर्ने ठाउँमा संसोधन गरेर जान आग्रह गरेका छन् । कार्यक्रममा प्रदेश सञ्चार रजिष्ट्रार रेवतीप्रसाद सापकोटाले विज्ञापन ऐन २०७६, जारी भएको भन्दै सोही अनुरुप प्रदेश संरचनामा पनि लोककल्याणकारी विज्ञापन वितरण गर्न आवश्यक समन्वय गरिदिन बोर्डलाई आग्रह गरेका छन् ।

उनले पञ्चायतकालको रेडियो ऐन अहिलेसम्म पनि कायम रहेकोले त्यस ऐनलाई पनि संसोधन गर्न नसके रेडियोहरु बन्द हुने अवस्थामा पुग्ने बताए । २० लाख भन्दा बढी योजनाका सूचना राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गर्नुपर्ने बाध्यता सार्वजनिक खरिद ऐनले गर्दा स्थानीय पत्रपत्रिकामा उक्त सूचना प्रकाशन गर्न नपाउँदा मिडिया हाउस सञ्चालनमा समस्या देखिएको भन्दै रजिष्ट्रार सापकोटाले खरिद ऐन संसोधन गर्न सके सहज वातारवण बन्ने बताए । बोर्डका कार्यकारी अध्यक्ष लक्ष्मण हुमागाईको अध्यक्षतामा भएको कार्यक्रममा बोर्डका सदस्य बलराम थापा, बोर्डका प्रमुख प्रशासकीय अधिकृत निशानराज गौतम, नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य सुनील खड्का, स्थानीय तहका सूचना अधिकारी, उद्योगीलगायतको उपस्थिति थियो ।

## अनलाइन मिडिया एसोसिएसन गठन

साझाकुरा संवाददाता


हेटौंडा, ४ जेठ/ मकवानपुरमा सञ्चालित अनलाइन मिडियाका सञ्चालकहरुको छाता संगठनको रुपमा अनलाइन मिडिया एसोसिएसन नेपाल (ओमान) गठन गरिएको छ ।

हेटौंडामा बिहीवार भएको अनलाइन सञ्चालकहरुको भेलाले ओमानको तदर्थ समिति गठन गरेको हो । भेलाले खबरब्रेक अनलाइनका सञ्चालक धर्मेन्द्र दाहालको अध्यक्षतामा समिति गठन गरेको छ । समितिको वरिष्ठ उपाध्यक्षमा रवीन्द्र गौतम, उपाध्यक्षमा सुनिता विष्ट र रुपक कालिराज, महासचिवमा उज्वल अधिकारी, सचिवमा मनोज देवकोटा र राजेश थापा र कोषाध्यक्षमा प्रवेश धितालालाई चयन गरेको हो ।

एसोसिएसनको सदस्यमा दीपेश दाहाल, गोविन्द तिमल्सिना, भूपेन्द्र रानामगर चयन भएका छन् । आवश्यकताको आधारमा थप केही सञ्चालकहरुलाई कार्यसमितिमा ल्याइने अध्यक्ष दाहालले बताए । स्वरोजगार अनलाइन मिडियालाई स्तरीय र विश्वसनीय बनाई टिकाउने वातावरण बनाउन संस्थाले पहल गर्ने उनले बताए । भेलामा ३० भन्दा बढी अनलाइन मिडियाका सञ्चालकको उपस्थिति रहेको थियो । भेलामा पत्रकार महासंघका केन्द्रीय सदस्य सुनिल खड्का, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, निवर्तमान अध्यक्ष हरि हुमागाई लगायतको उपस्थिति रहेको थियो ।

## केदारनाथ सुनचाँदी पसल

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

प्रो. राहुल सुनार
मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम




Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## घडेरीहरु बिक्रीमा

मुकुन्द कार्की : ९८५१०८९६३४, ९८०१०९८८६९

जिल्ला : मकवानपुर
हेटौंडा उपमहानगरपालिका
वाड नं. १



साझाकुरा

## हाम्रो कुरा

# 'लम्पी स्किन' सतर्कता अपनाऔं

गाइवस्तुमा लाग्ने लम्पी स्किन रोगको संक्रमणबाट मकवानपुरमा झण्डै २०० वटा गाई मरेका छन् । प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयकाअनुसार बागमती प्रदेशका १३ जिल्लामध्ये मकवानपुरमा 'लम्पी स्किन' रोगको बढी संक्रमण देखिएको छ । पहिलो चरणमा संकलन गरिएको तथ्यांक अनुसार बागमती प्रदेशभर हालसम्म १८ हजार तीन सय २४ गाईमा संक्रमण देखिएको प्रदेश कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले जानकारी दिएको छ । देशभर फैलिएको लम्पी स्किन रोगले गाईभैंसी मर्न थालेका छन् । मकवानपुरको १० वटै स्थानीय तहमा गरेर १ सय ९७ वटा गाई मरेका हुन् । जिल्लाका १० पालिकामध्ये मकवानपुरगढी बढी संक्रमण भएको क्षेत्र हो । मकवानपुरगढीमा गाईपालन धेरै भएकाले यहाँका धेरै किसान समस्यामा परेका छन् । नेपालका ३५ जिल्लामा हजारौं संख्यामा गाईभैंसीमा देखिएको लम्पी स्किन रोगका कारण अहिले किसानहरु चिन्तित बनेका छन्।

पशुसेवा विभागको तथ्याङ्कले यो रोगबाट हालसम्म १५,००० भन्दा बढी गाईभैंसी प्रभावित भएको देखाएको छ । यद्यपि सङ्क्रमित चौपायाको संख्या अझ बढी हुनसक्ने अधिकारीहरु बताउँछन् । गाईभैंसीलाई हुने एकदमै सङ्क्रामक रोग हो । लामखुट्टे, टोक्ने झिँगा र किर्नाजस्ता कीराको टोकाइबाट यो रोग सर्ने गर्छ । सङ्क्रमित गाईभैंसीको ओसारपसार, सामुदायिक चरणक्षेत्र दाना एवं पानी खाने साझा ठाउँ, प्राकृतिक वा कृत्रिम गर्भाधानबाट र पशु उपचार गर्ने क्रममा फरक गाईभैंसीमा एउटै सुईको प्रयोगबाट पनि यो रोग सर्छ । गर्मीयाममा लामखुट्टे र किर्ना आदिको संख्या बढ्ने र ती कीरा बढी सक्रिय हुने भएकाले यसको प्रकोप अझ बढी देखिने बिज्ञहरुले बताएका छन् । विभागस्थित एक वरिष्ठ अधिकारीका अनुसार यो रोगले अहिले महामारीको स्वरुप लिइसकेको छ । प्रभावित ठाउँहरुमा ठ्याक्कै कति संख्यामा गाईभैंसी मरेका छन् भन्नेबारे रिपोर्ट आउन बाँकी रहेको बिभागले बताएको छ । सुरुमा तराई र मध्य पहाडका जिल्लामा सङ्क्रमण देखिएको थियो भने अहिले उच्च पहाडी तथा हिमाली क्षेत्रमा पनि पुगेको देखिन्छ । उच्च पहाडी तथा हिमाली क्षेत्रमा विस्तार हुनुमा जलवायु परिवर्तनसँग सम्बन्ध हुन सक्ने अनुमान गरिएको छ । मकवानपुरमा चार हजार ८ सय ३५ गाईमा रोग देखिएको छ । सिन्धुलीमा ९ हजार ६ सय ३४ गाईमा संक्रमण देखिँदा ४७ वटा गाईको मृत्यु, रामेछापमा एक हजार ९ सय ६५, चितवनमा एक हजार ६० गाईमा उक्त रोगको संक्रमण देखिएको अधिकारीहरुले जानकारी दिएका छन् । प्रदेशको रसुवा र दोलखामा रोग पुष्टि नभएकाले संक्रमित संख्या शून्य छ । धादिङको विवरण मन्त्रालयमा आइनसकेको बताइएको छ । काठमाडौंमा ८३, ललितपुरमा ४०, काभ्रेमा चार सय, नुवाकोटमा तीन सय, सिन्धुपाल्चोकमा ६ र भक्तपुरमा एउटा गाईमा लम्पी स्किन रोग देखापरेको मन्त्रालयको तथ्यांक छ । रोगबाट पशुमा हुने मृत्युदर कम (करिब ५ प्रतिशत) भए पनि दुहुना पशुको दूध उत्पादनमा उल्लेख्य ह्रास (८० प्रतिशतसम्म) हुने भएकाले किसानलाई ठूलो आर्थिक क्षति पुगेको छ । 'रोग नियन्त्रण गर्न रोगको कारण, लक्षण, यसबाट किसानमा पुग्ने क्षति एवं नियन्त्रण र रोकथामका बारेमा किसान र सबै सरोकारवालासमक्ष जनचेतना फैलाउने काम गरिरहेको सरकारी अधिकारीले जानकारी दिएका छन् ।

रोगको जोखिमयुक्त क्षेत्रको पहिचान गरी खोप कार्यक्रम यथाशीघ्र सुरु गर्न जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रलाई निर्देशन दिई सकिएको मन्त्रालयले जानकारी दिएको छ । मकवानपुरको मकवानपुरगढी गाउँपालिका-५ मा एक हजार पाँच सय डोज खोप लगाउने कार्य सञ्चालन भइरहेको छ । रोग ग्रस्त क्षेत्रमा तत्काल नि:सङ्क्रमण, उपचारलगायत नियन्त्रणका कार्य सञ्चालन गर्न तत्काल रोग नियन्त्रण समिति बनाइ कार्य अघि सारिएको अधिकारीहरुले बताएका छन् । मन्त्रालयले रोग नियन्त्रण तथा रोकथामलाई व्यवस्थित र प्रभावकारी बनाउन 'लम्पी स्किन डिजिज् नियन्त्रण र रोकथाम रणनीति, २०८०' तयार गरी कार्यान्वयन गर्ने तयारी गरिरहेको छ । मन्त्रालयको अनुगमन टोलीले निरन्तर अनुगमन गर्दै संक्रमणको रोकथामका लागि आवश्यक कार्य गरिरहेको भएपनि संक्रमण घटेको छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ ६ गते शनिबार २० मे २०२३ । प्रतिपदा, जेष्ठ शुक्लपक्ष । तछ्लाथ्व ११४३ ने.सं. । सूर्योदय ५:१५, सूर्यास्त ६:४७ । दशहरा-स्नान आरम्भ । गोसाइँकुण्ड-स्नान आरम्भ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : दिन राम्रोसूग बित्नेछ | **तुला** | : परीक्षामा सफलता मिल्नेछ |
| **वृष** | : चोट लाग्ने सम्भावना देखिन्छ | **वृश्चिक** | : पढाइमा रुचि बढ्नेछ |
| **मिथुन** | : चिन्ता, भय र आशंका बढ्नेछ | **धनु** | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ |
| **कर्कट** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ | **मकर** | : शुभ समाचार मिल्नेछ |
| **सिंह** | : काममा प्रगति हुनेछ | **कुम्भ** | : भाग्योदयको योग छ |
| **कन्या** | : व्यापारमा लाभ हुनेछ | **मीन** | : सहयोगी हातहरु बढ्नेछ |

# विद्यार्थी राजनीतिको सञ्जीवनी बन्न सक्छ भ्रष्टाचारविरोधी अभियान



✍ साजन तामाङ

विद्यार्थी राजनीतिलाई प्राज्ञिक, शैक्षिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, भूराजनीतिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुद्दाको पक्षमा आवाज उठाउने माध्यम मानिन्छ । यसै कोणबाट विद्यार्थी राजनीतिलाई अवलोकन गरिएमा मात्रै विद्यार्थी राजनीतिको पूर्ण स्वरूपबारे मेसो पाउन सकिन्छ । विद्यार्थी राजनीतिलाई केवल विश्वविद्यालयका मुद्दामा मात्र सीमित राखिए त्यो सही अर्थमा विद्यार्थी राजनीति हुन सक्दैन ।

विद्यार्थी राजनीति र आधुनिक समाजलाई 'मैले सोच्ने भएर नै मेरो अस्तित्व छ' वा 'मेरो अस्तित्व भएर नै मैले सोच्छु' को बहसका आधारमा हेर्ने हो भने एउटा स्पष्ट नतिजामा पुग्न सकिन्छ । भलै माथिका भनाइमा दार्शनिक पृष्ठभूमि फरक भएसँगै निष्कर्ष पनि फरकै निस्केला ।

तर 'विद्यार्थी राजनीति छ त, समाज गतिशील छ' वा 'समाज गतिशील छ त, विद्यार्थी राजनीति छ' भन्ने बहसमा भने एउटै निष्कर्षमा पुग्न सक्छौं । एकैछिन मूलधारको राजनीति र विद्यार्थी राजनीतिप्रतिको वितृष्णा बिसाउने हो भने दुवै कोणबाट हेर्दा हामीले विद्यार्थी वा विद्यार्थी राजनीतिको अस्तित्व रहँदा समाज गतिशील भएको कल्पना गर्न सक्दछौं ।

अमेरिकी गृहयुद्धको दौरान तत्कालीन अमेरिकी राष्ट्रपति अब्राहम लिंकनले भनेका थिए, 'जनताको, जनताद्वारा र जनताका लागि' । यो विश्वप्रख्यात भनाइ लोकतन्त्रको आधारस्तम्भ बनेको छ । यसै भनाइको मर्म वरपर रहेर मूर्तरूप दिनका निमित्त विद्यार्थी राजनीतिले पहरेदारको भूमिका निभाउन सक्नुपर्छ ।

उक्त भनाइलाई अनुसरण गर्दै विद्यार्थी राजनीतिलाई कतिपयले 'विद्यार्थीको, विद्यार्थीद्वारा, विद्यार्थीका लागि' भनी परिभाषित गरेको पाइन्छ । यो परिभाषा अपूर्ण छ र यसले विद्यार्थी राजनीतिको सूक्ष्म अंशलाई मात्र प्रतिनिधित्व गर्छ । विद्यार्थी राजनीतिको कुनै सीमित दायरा छैन, कुनै लक्ष्मण रेखाको आधारमा विद्यार्थी राजनीतिको दायरा कोरिएको हुँदैन । विद्यार्थी राजनीतिलाई लक्ष्मणको संज्ञाका रूपमा लिने हो भने विद्यार्थी राजनीति समाजको गतिशीलताको लक्ष्मण रेखा तय गर्ने लक्ष्मण हो । यसो भन्दै गर्दा कुनै रफ्फु भर्न खोजिएको होइन । शक्ति, सत्ता तथा शासनको साङ्लोमा विद्यार्थी राजनीति सदैव प्रतिपक्षी कडी हो ।

वैश्विक रूपमा हेर्ने हो भने विद्यार्थी राजनीतिको हलचल ११औं शताब्दीमा नै भएको थियो । सन् १०८८ मा इटालीको बोलोग्ना शहरमा प्राध्यापकद्वारा दुर्व्यवहारित विद्यार्थीले 'स्कोलारेस भागंतेस' स्थापना गरे । उक्त अनुचित व्यवहार विरुद्ध आन्दोलित हुँदै अभियान चलाए । फलत: 'युनिभर्सिटी अफ बोलोग्ना' स्थापना भयो । यस विश्वविद्यालयलाई पाश्चात्य समाजको सबैभन्दा पुरानो विश्वविद्यालयको रूपमा चिनिन्छ ।

११औं शताब्दीदेखि अहिलेसम्म आइपुग्दा विद्यार्थी राजनीतिले अग्रणी भूमिकासहित विभिन्न सामाजिक, राजनीतिक तथा शैक्षिक मुद्दा उठान गर्दै आएको छ । चाहे त्यो सन् १९८६ मा फिलिपिन्सका तानाशाह राष्ट्रपति मार्कोसको सरकारलाई घुँडा टेकाएर प्रजातान्त्रिक सरकारलाई पुन: ब्युँताएको 'द पिपल रेभोलुशन' होस् या सन् १९८९ मा चेकोस्लोभाकियाको अधिनायकवादी कम्युनिस्ट सरकार ढाली प्रजातान्त्रिक सरकारको सूर्योदय गराएको शान्तिपूर्ण 'भेल्भेट रेभोलुशन' होस्, सामाजिक तथा राजनीतिक व्यवस्था परिवर्तनमा विद्यार्थी राजनीतिले निर्वाह गरेका भूमिकाका फेहरिस्त छन् ।

नेपालको सन्दर्भमा भन्नु पर्दा, जहानियाँ राणाशासन विरुद्धको अभियान विद्यार्थीले नै गरेका थिए । वि.स. १९९१ मा नेपाली छात्र संघ स्थापनाताका कुनै राजनीतिक दलको स्थापना समेत भइसकेको थिएन ।

यसैगरी, २००४ साल असार १ गते रानीपोखरी संस्कृत पाठशालामा अध्ययनरत छात्रद्वारा विद्यार्थी हक-अधिकारका लागि र तत्कालीन राणा प्रधानमन्त्री मोहनशमशेरको शेखी झार्न 'जयतु संस्कृतम्' आन्दोलन छेडेका थिए ।

वीपी कोइराला तथा पुष्पलाल श्रेष्ठहरूले राणाविरुद्ध अभियान सुरु गर्दा विद्यार्थीकै रूपमा संगठित भएका थिए । २००७ सालको क्रान्ति, २०३६ सालको जनमत संग्रह, २०४६ सालको प्रथम जनआन्दोलन तथा २०६२-६३ को दोस्रो जनआन्दोलनमा विद्यार्थी राजनीतिको भूमिका नै थियो । आन्दोलन मात्रै नभई पुरातनवादी सामाजिक चिन्तन र चेतनालाई प्रगतिशील बहस तथा विभिन्न जनचेतनामूलक कार्यक्रम मार्फत नेपाली समाजलाई नवीन दिशोन्मुख विद्यार्थी राजनीतिले नै गराएको हो ।

समावेशिता, लैङ्गिक समानता, जातीय भेदभाव अन्त्य, शिक्षामा समान पहुँच लगायत विषयलाई विद्यार्थी राजनीतिले नै मूलधारमा संस्थागत गराएको हो ।

२०६२-६३ को कालखण्डपछि विद्यार्थी राजनीति केही छिटपुट अपवाद बाहेक वितृष्णाको जलपले सजिएको छ र विचार शून्यताको शरमले लजाएको छ । यसै क्रममा विद्यार्थी राजनीतिलाई उद्देश्यहीन, केवल ठोक्न-ठोकाउन र टोक्न-टोकाउन प्रयोग गरिने कुनै राजनीतिक दलको कृत्रिम यन्त्र भनिन थालिएको छ ।

अहिलेको विद्यार्थी राजनीतिलाई विगतको विद्यार्थी राजनीतिले तर्साउन थालिसकेको छ । स्कटिस दार्शनिक कलिंगउडले 'वर्तमानले विगतका घटनालाई निर्धारण गर्छ' भने झैं इतिहास सम्बन्धी ज्ञान इतिहासमा के भयो भन्नेमा मात्र सीमित छैन । वर्तमानमा उठेका प्रश्न र सरोकारले इतिहासलाई प्रभाव पारिरहेका छन् र विगतका घटनाप्रतिको बुझाइलाई वर्तमानमा भइरहेका घटनाले पनि परिवर्तित गरिरहेका हुन्छन् । यसर्थ, हामीले अहिलेको विद्यार्थी राजनीतिलाई पुन: लयमा ल्याउन नसकेको खण्डमा र विचलित अवस्थामा नै रहेमा विगतका गौरवपूर्ण उपलब्धिहरू छायाँमा पर्नेछन् ।

विद्यार्थी राजनीतिलाई ब्युँताउने एउटा मात्र सञ्जीवनी भनेको 'स्वायत्तता र पहरेदारी' नै हो । यसैको आधारमा विद्यार्थी राजनीतिलाई स्वच्छ, स्वस्थ, स्वायत्त र सम्मानित मार्गमा डोऱ्याउन सकिन्छ । विश्वका अन्य राष्ट्रमा पनि राजनीतिक दलका भ्रातृ-विद्यार्थी संगठन हुने गर्छन् । अमेरिकामा हेर्ने हो भने 'कलेज डेमोक्र्याट्स अफ अमेरिका' डेमोक्र्याटिक पार्टीको विद्यार्थी संगठन हो । 'कलेज रिपब्लिकन' रिपब्लिकन पार्टीसँग आबद्ध छ । त्यसरी नै युरोपको सन्दर्भमा भन्नुपर्दा 'योङ युरोपियन सोसलिष्ट' पार्टी अफ युरोपियन सोसलिष्टसँग आबद्ध छ ।

लोकतान्त्रिक पद्धति अनुरूप उन्नत मानिने राष्ट्रहरूका विद्यार्थी राजनीतिको अभ्यास र नेपालको फरक केवल विद्यार्थी संगठनको स्वायत्ततामा मात्रै छ । त्यहाँ मूल दलको स्वार्थभन्दा माथि उभिएर विद्यार्थीले राजनीतिक गतिविधि गर्छन् तर नेपालमा भने विद्यार्थी संगठनहरू सम्बन्धित दलसँग चुम्बक झैं टाँसिएर बसेका छन् । तर अब विद्यार्थी राजनीतिले नयाँ कोर्स लिन आवश्यक छ ।

स्वच्छ, स्वस्थ, स्वायत्त र सम्मानित विद्यार्थी राजनीतिको सुरुवात नक्कली भुटानी शरणार्थी प्रकरणबाट नै गर्न सकिन्छ । विद्यार्थी संगठनले दल तथा नेतामुखी नभई निरपेक्ष रूपमा मुद्दालाई केन्द्रमा राखेर भ्रष्टाचारविरोधी अभियान सफल बनाउन सके विद्यार्थी राजनीतिको पुनर्जागरण हुनसक्छ ।

यसमा हामी सक्छौं पनि । भ्रष्टाचार विरुद्धका वैश्विक विद्यार्थी आन्दोलन सफल भएका नजिरहरू छन् । २०१० को दशकमा अन्तर्राष्ट्रिय जगतमा नै हेर्ने हो भने भ्रष्टाचार विरुद्धको डुङ्गा विद्यार्थी आन्दोलनले नै पार लगाएको छ ।


सन् २०१८ मा स्लोभाकियाका विद्यार्थी हजारौंको संख्यामा सरकारी भ्रष्टाचार विरुद्ध सडकमा ओर्लिएका थिए । आन्दोलनको नतिजा स्वरूप तत्कालीन प्रधानमन्त्री रोबर्ट फिको र उनको सरकारमा रहेका मन्त्रीले राजीनामा गर्नुपऱ्यो । यसैगरी स्पेनका विद्यार्थीले २०२१ मा भ्रष्टाचार तथा बढ्दो आर्थिक असमानता विरुद्ध आन्दोलन गरेका थिए ।

एशियामा हेर्ने हो भने २०११ मा अन्ना हजारेद्वारा सुरु गरिएको भ्रष्टाचार विरुद्धको अभियानमा विद्यार्थीको उल्लेखनीय उपस्थिति थियो । त्यस क्रममा भ्रष्टाचार विरुद्ध सशक्त कानुन 'जन लोकपाल विधेयक' माग गरिएको थियो । मध्य-पूर्वी एशिया र उत्तरी अफ्रिकाका अधिनायकवादी सरकारलाई पन्छाएको र प्रजातान्त्रिक सुधारलाई स्थापना गरेको 'द अरब स्प्रिङ' आन्दोलनको झिल्को विद्यार्थीले नै सल्काएका हुन् । २००९ मा 'द इरानियन ग्रिन प्रोटेस्ट' इरानी विद्यार्थीले गरेका थिए । यसरी नै २०१२ मा मेक्सिकोको 'द यो सोय १३२' आन्दोलनले बृहत् पारदर्शिता र लोकतान्त्रिक अभ्यासको माग गरेको थियो । भ्रष्टाचार विरुद्ध गरिएका यी आन्दोलनहरू कतिपय सफल भए त कतिपय असफल । नेपालमा भने भ्रष्टाचार जस्तो जगन्य अपराधबारे विद्यार्थी राजनीति सधैं मौन देखिँदै आएको छ ।

वैचारिक रूपमा हेर्ने हो भने विद्यार्थी राजनीति शक्ति र सत्ताको विपरीत ध्रुवमा उभिन्छ । शक्ति सन्तुलनको निगरानी विद्यार्थी राजनीतिको सैद्धान्तिक केन्द्र हो । झट्ट हेर्दा, शक्ति विपरीत उभिने हुँदा विद्यार्थी राजनीतिको चेतना र ऊर्जा अलिक अराजक जस्तो देखिन्छ । तर शक्तिको दुरुपयोग गरिने भ्रष्टाचार विरुद्ध खरो रूपमा विद्यार्थी राजनीति नउत्रिंदा विरोधाभास समेत देखिन पुग्छ ।

अब विद्यार्थी राजनीतिलाई पुन: ब्युँताउन र गुमेको हुर्मतलाई पुनर्गठनको प्रक्रियामा ल्याउन विद्यार्थी राजनीतिले सैद्धान्तिक आधार गुमाउनुहुँदैन । ठीकलाई ठीक र बेठीकलाई बेठीक भन्ने चेष्टा राख्नुपर्दछ । यो जडीबुटी नै सैद्धान्तिक आधार तथा मार्ग गुमाएको विद्यार्थी राजनीतिको लागि सञ्जीवनी साबित हुनेछ । भ्रष्टाचार विरुद्धको अभियान नै विद्यार्थी राजनीतिको सञ्जीवनी हुनेछ । यसर्थ, विद्यार्थी राजनीतिले भ्रष्टाचार विरुद्धको अभियानलाई सशक्त बनाउन आवश्यक छ । *(साभार: अनलाइनखबर)*

# संसद्को सार्वभौम अधिकार र संवैधानिक राष्ट्रपतिको भूमिका



✍ प्रदीप घिमिरे

नेपालमा कस्तो राजनीति प्रणाली हुने भन्ने लडाइँ सुरु भएको ७० वर्षभन्दा बढी भइसक्यो । बल्लबल्ल अहिले हामीले संघीय लोकतान्त्रिक गणतन्त्रसहितको संसदीय व्यवस्थाको टुंगो लगाएका छौं । २०७२ मा जारी संविधानलाई स्थापित गर्ने क्रममा छौं, तर यो संविधानलाई स्थापित गर्न आज हामीले विधि स्थापना गर्न भने पूर्ण रूपमा सकेका छैनौं ।

हामीले अहिले अपनाएको संघीय लोकतान्त्रिक गणतन्त्रसहितको संसदीय व्यवस्था शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित छ । राज्यका तीन अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको आ-आफ्नो कार्यक्षेत्र छन् । राज्यका यी तीन अंगका बीचमा शक्तिको 'चेक एन्ड ब्यालेन्स' हुनु नै लोकतन्त्र हो । त्यसैले हामीले अपनाएको यो व्यवस्थामा कानुन व्यवस्थापिकाले बनाउने, कार्यपालिकाले कानुनको कार्यान्वयन गर्ने, अनि कानुनको व्याख्या न्यापालिकाले गर्ने भन्ने हो । यही सिद्धान्त र विधिले कानुन बनाउने संसद्को सार्वभौम अधिकार हो भनेको छ, यो विश्वव्यापी मान्यता हो ।

कानुन बनाउने संसदको सार्वभौम अधिकारमाथि यदाकदा हस्तक्षेप भएको छ । विशेषगरी निवर्तमान राष्ट्रपति विद्या भण्डारीले संसद्को यो अधिकारमाथि अवरोध गरिन्, नागरिकता विधेयक रोकेर, दुवै संसद्ले विधि पुऱ्याएर पठाएको नागरिकता विधेयक प्रमाणीकरण नगरेर ।

आफूसमक्ष विधिपूर्वक आएको विधेयक एकपटक सन्देशसहित फिर्ता गराउन सक्ने राष्ट्रपतिको विशेषाधिकार छ, तर दोस्रो विधेयक समेत प्रमाणीकरण नगर्ने हठले मान्यता पाउने हो भने संविधानको धारा ११३(४) नै प्रभावहीन बन्नु हो । धारा ११३(४) मा भनिएको छ, 'दुवै सदनले पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा वा संशोधनसहित पारित गरी पुन: पेस गरेमा १५ दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नेछ ।' संविधानको यो धाराले संवैधानिक राष्ट्रपतिको अधिकार निश्चित छन् भन्ने देखाउँछ ।

संसद्को सार्वभौम अधिकार र संवैधानिक राष्ट्रपतिका अधिकारका मूल्य-मान्यतासँग गाँसिएका हुन्छन् । अनि, संवैधानिक रूपमा स्पष्ट तोकिएका हुन्छन् । संविधानमा नलेखिएका कतिपय विषयमा निर्णय गर्नुपर्दा पनि अन्तर्राष्ट्रिय अभ्यास र विगतका नजीरलाई आधार मानेर पनि निर्णयमा पुग्नुपर्छ । यसरी संवैधानिक राष्ट्र प्रमुखले कुनै पनि स्वविवेकीय निर्णय गर्ने छुट छैन भन्ने स्पष्ट छ । हामी राष्ट्रपति भन्ने संस्थालाई संवैधानिक राष्ट्र प्रमुख बनाउने हो भने राष्ट्रपतिले कुनै पनि प्रकारको गल्ती गर्दैन भन्ने भाष्य निर्माण गर्न जरुरी छ । त्यसका लागि राष्ट्रपतिले गर्ने सबै खाले कामको जसअपजस राज्य तीन अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका जसले निर्णय गर्दछन् तिनीहरूले नै लिनुपर्छ भन्ने हो ।

यो विषयमा वर्तमान राष्ट्रपति रामचन्द्र पौडेल सचेत देखिएका छन् । उनले नागरिकता विधेयकका बारेमा छलफलका क्रममा जे-जस्तो प्रश्न उठाएको सार्वजनिक भएको छ । ती प्रश्नमा संसदको सार्वभौम अधिकार र संवैधानिक राष्ट्रपतिका अधिकारका मूल्य-मान्यतासँग जोडिएका छन् । राष्ट्रपतिको सचिवालयले सार्वजनिक गरे अनुसार राष्ट्रपति पौडेलले ११ वटा जिज्ञासा राखेका थिए- संविधान र कानुनका जानकारसँगको छलफलमा संसद्बाट सबै अंग पुगेको, सभामुखले प्रमाणित गरिसकेर बाटोमा रोकिएको विधेयकलाई बाटोमै मऱ्यो भनेर राष्ट्रपतिको मर्जी वा खुसीमा छाडिदिने हो भने संसद्को सार्वभौमिकता कहाँ पुग्छ ?

भोलि पनि यस्तै परम्परा बस्यो भने जनताले चुनेर पठाएको संसद्को अर्थ के हुन्छ ? व्यवस्था खलबलिन्छ कि खलबलिँदैन ? व्यवस्था खलबलियो भने राष्ट्र खलबलिन्छ कि खलबलिँदैन ? संविधानको संरक्षक, पालक र राष्ट्रिय एकताको प्रवर्द्धक हुनुको नाताले संसदीय व्यवस्था जोगाउने संवैधानिक आधार चाहियो कि चाहिएन ?

शक्तिशालीले जे पनि गर्ने सर्वसत्तावादीलाई ७० वर्षसम्म सैर्ष गरेर कसैको 'स्वविवेक' प्रयोग गर्ने व्यवस्था हामीले फालेका हौं । अब यो विधेयकलाई अस्वीकृत गरिएको भनिएको छैन, दराजमा थन्किएको मात्र भनिएको छ, यसको चाबी खोल्ने कि नखोल्ने ? सरकारले फेरि यो विधेयकलाई संसदमा लानुपर्छ भन्ने संविधान तथा कानुनविद्को रायमा थप प्रश्न गर्दै यो विधेयकको अस्तित्व छैन भन्ने कसरी प्रमाणित गर्ने ? मेरो चिन्ता राष्ट्रपतिले विधेयक अस्वीकार गरेपछि त्यो मर्ने र त्यही नजीर बस्यो भने संसदीय व्यवस्था के हुने भन्नेमा छ । मलाई ७० वर्ष भौंतारिएर ल्याएको प्रणालीमाथि देखिएको यो संकटबाट बचाउने आधार चाहियो ? आधार के दिनुहुन्छ ? यो संकटको यस्तो समाधान खोजौं अब आउने राष्ट्रपतिले फेरि त्यस्तो कार्य कहिल्यै नगरोस् । कानुन र न्याय फरक कुरा हुन् । यो सन्दर्भमा जनता, देश र व्यवस्थालाई न्याय गर्न राष्ट्रको अभिभावकको हैसियतले मेरो जिम्मेवारी के हो ?

अघिल्लाले जे गरे गरे, पछिल्लाले जे गर्लान् गर्लान् भनेर मैले उम्किने हो भने मुलुकमा कस्तो परिणाम आउँछ ? यो संवैधानिक संकटबाट मुलुकलाई जोगाउन र व्यवस्थालाई बचाउन विधेयक प्रमाणीकरणका लागि केही न केही आधार चाहियो भन्ने कानुनविद्को रायमा प्रतिप्रश्न गर्दै यो विधेयकसम्बन्धी यो सम्पत्ति, संसद, सरकार वा राष्ट्रपति कसको हो ? राष्ट्रपति पौडेलका यी प्रश्नले बहुलवादमा आधारित संसदीय लोकतान्त्रिक व्यवस्थाको त्यही मर्मलाई उजागर गरेको हुनुपर्छ । संसदीय लोकतन्त्रप्रति अन्तस्करणबाटै यति दृढ प्रतिबद्धता भएको राष्ट्रप्रमुख मुलुकले पाउनु लोकतान्त्रिक गणतन्त्रको स्थायित्वका लागि सुखद संकेत हो । राष्ट्रपति पौडेलको परामर्श र उनले राखेका जिज्ञासाले त्यो असंवैधानिक कदमलाई सच्याएर जनताले चुनेर पठाएका प्रतिनिधिको सार्वभौम थलो संसद्को खोसिएको सार्वभौमिकता कसरी स्थापित गर्ने भन्नेमा चिन्ता लिएको देखिन्छ ।

राष्ट्रपतिले गरेको यो चिन्ता विगतको अनुभवका आधारमा संसदीय लोकतन्त्रात्मक गणतन्त्रको स्थायित्वसँग जोडिएको छ । संसदीय व्यवस्थाका विशेषशतासहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमध्ये यी राजनीतिक दलका नेता कोहीलाई गणतन्त्र चित्त बुझेको छैन । त्यस्तै कतिपयलाई संसदीय व्यवस्थाका विशेषताप्रति असन्तुष्टि छ । अझै कतिपयलाई संघीयता चित्त बुझेको छैन भने कतिलाई धर्मनिरपेक्षताप्रति ।

राष्ट्रपति पौडेल थोरैमध्येका यस्ता एउटा नेता हुन्, जसले संविधानका यी सबै विशेषतालाई अपनत्व ग्रहण गर्दै त्यसको पक्षमा वकालत गर्थे र अहिले पनि संविधानको संरक्षक र पालकका हिसाबले हरतहरले यो संविधानको स्थायित्व कसरी दिन सकिन्छ भन्ने चिन्तित रहेको पाइन्छ । यसो गर्दा मृत विधेयकलाई जबर्जस्ती ब्युँताएको आक्षेप एकातिर आइलाग्ने अवस्था छ भने अर्कोतिर आलङ्कारिक राष्ट्रपतिले विधेयक अस्वीकार गरी संवैधानिक मर्मलाई कुल्चेको आरोप व्यहोर्नुपर्ने देखिन्छ । हाम्रा राजनीतिक दलहरूको अकर्मण्यताले हिजोको राष्ट्रपति पद चरम विवादको घेरामा परेको थियो । यो विधेयकको सक्रियता र निष्क्रियता सिद्ध गर्ने अधिकार राष्ट्रपतिलाई दिनु भनेकै आलङ्कारिक राष्ट्रपतिलाई विवादको घेरामा पार्नु र लोकतान्त्रिक पद्धतिलाई कमजोर बनाउनु हो ।

त्यसकारण यो नागरिकता विधेयकका बारेमा निर्णय विधेयक जन्माउने सरकार र विधेयकको पालनपोषन गर्ने संसदले नै गर्नुपर्छ । जसरी एउटा बच्चा जन्माउने हुर्काउने बढाउने जिम्मेवारी बाउ आमाको हुन्छ, त्यस्तै यो शीतल निवासको दराजमा थन्किएर बसको नागरिकता विधेयकलाई के गर्ने भन्ने निर्णय सरकार र संसदले लिनुपर्छ । यहाँ राष्ट्रपति भनेको जन्मेको बच्चाको नामाकरण गर्ने पुरोहितको भूमिका मात्र निर्वाह गर्ने हो ।

हिजोका पुरोहितले बच्चाको नामाकरण गर्न नमान्दै बच्चाको नामाकरण नै हुन्न भन्ने हुँदैन । अहिले पनि विधेयकरूपी बच्चाको नामाकरण गर्नका लागि बाउ र आमाले पुरोहितलाई बोलाउन उत्तम हुन्छ । यही सिद्धान्तलाई मान्ने हो भने मात्र संवैधानिक राष्ट्रपतिले गल्ती गर्दैनन् भन्ने भाष्य निर्माण हुन्छ । हामीले ७० वर्ष लडेर ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्रसहितको संसदीय व्यवस्था पनि दिगो बन्दै जान्छ ।

*(साभार: रातोपाटी)*

# म्यानपावरले श्रमिकसँग असुल्ने शुल्क बढाउँदै सरकार

काठमाडौं/सरकारले वैदेशिक रोजगारीमा जाने नेपालीले पाउँदै आएको 'फ्री भिसा-फ्री टिकट' को नीति उल्ट्याउने तयारी गरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी विदेश पठाउने म्यानपावर कम्पनीको सेवा शुल्कको नीति पुनरावलोकन गर्न मन्त्रालयका सहसचिव राजीव पोखरेलको संयोजकत्वमा एक समिति बनाएका छन् ।

समितिका संयोजक पोखरेलले विदेशमा श्रमिक पठाउँदा मेनपावर कम्पनीले लिन पाउने सेवा शुल्कमा एकरुपता कायम गर्नेबारे अध्ययन गरेर सिफारिस गर्न समिति गठन भएको बताए ।

'कसैले शून्य लागत भनेका छन्, कसैले १० हजार रुपैयाँ लिएको र कसैले एदकमै धेरै सेवा शुल्क लिएको भनेर समाचारहरु सुन्न पाइन्छ', पोखरेलले भने, 'यी सबैलाई कसरी ट्र्याकमा ल्याउन सकिन्छ र सेवा शुल्कमा एकरुपता गर्ने भन्ने विषयमा अध्ययन गर्छौं ।'

मेनपावर व्यवसायीले विगतदेखि नै श्रमिकले विदेशमा पाउने एक महिनाको तलब बराबरको सेवा शुल्क उठाउन दिनुपर्ने माग गर्दै आएका छन् । तर सरकारले शून्य लागतमा अर्थात् रोजगारदाताको खर्चमा विदेशमा रोजगारीमा पठाउने नीति लिँदै आएको थियो । हाल सेवा शुल्कको नाममा श्रमिकबाट १० हजार रुपैयाँ मात्र लिन पाउने म्यानपावर व्यवसायीले यो नीति पुनरवलोकनको मागमा श्रममन्त्री भण्डारीलाई सहमत गराएका थिए ।

मन्त्रालय स्रोतका अनुसार म्यानपावर व्यवसायीको माग बमोजिम श्रमिकले विदेशमा पाउने एक महिनाको तलब बराबरको रकम सेवा शुल्क लिन पाउने गरी सिफारिस गर्ने समितिको गृहकार्य छ ।

१८ वैशाखमा वैदेशिक रोजगारीका क्षेत्रका सञ्चारकर्मीहरूसँग कुरा गर्दै मन्त्री भण्डारीले श्रमिकले निःशुल्क भिसा र टिकट पाउने नीति व्यवहारिक नभएको बताएका थिए । पुनरावलोकनको आवश्यकता औंल्याउँदै उनले सेवा शुल्क कति तोक्ने भन्ने विषयमा छलफल गर्नुपर्ने समय भइसकेको धारणा राखेका थिए ।

श्रमिकसँग निश्चित शुल्क लिने व्यवस्था गर्न सके ठगिने अवस्थाको अन्त्य हुने मन्त्रीको दाबी थियो । 'श्रमिकको एक महिनाको तलब बराबर शुल्क उठाउन दिने हो




भने व्यवसायीहरूले आफ्नै फाइदा हेरेर धेरै आम्दानी हुने काम खोजिदिन सक्लान्, श्रमिक र व्यवसायी दुवैलाई यसले राम्रो गर्थ्यो' मन्त्री भण्डारीले भनेका थिए ।

फ्री भिसा र फ्री टिकटको नीति नीति कार्यान्वयन गर्न नसकेको सरकार उल्टै श्रमिक मर्कामा पर्ने गरी यो नीति नै उल्टाउने पक्षमा उभिएको पहिलो पटक भने हैन । गत वर्ष तत्कालीन श्रममन्त्री कृष्णकुमार श्रेष्ठले पनि यो नीति पुनरावलोकनको गृहकार्य गरेका थिए । तर, स्थानीय तहको चुनावअघि निर्णय गर्दा अलोप्रिय हुने डरले उनले निर्णय गर्न सकेका थिएनन् । 'यो व्यवस्थाले सरकार र श्रमिक ठगिएका छन्, मेनपावर व्यवसायीले पैसा लुकाउन पनि सकेनन्' उनले भनेका थिए ।

अहिले प्रतिकामदार १० हजार रुपैयाँ सेवा शुल्कलाई मात्रै वैधानिक आम्दानीका रुपमा देखाउन सकिने भएकाले व्यवसायीले उठाएको करोडौं रुपैयाँ वैधानिक हुन सकेको छैन । श्रमिकसँग अवैध रुपमा असुलेको आम्दानीलाई वैधानिक बनाउन नसकिने भएपछि यो नीति पुनरवलोकनका लागि व्यवसायीहरु चलखेलमा लागेका छन् ।

वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेल वैदेशिक रोजगार व्यवसायलाई मर्यादित र व्यवस्थित गर्न वर्तमान सेवा शुल्कसम्बन्धी सरकारी नीति बाधक भएको बताउँछन् । श्रम गन्तव्य मुलुकसँग समझदारी नगरी घोषणा भएको फ्री भिसा फ्री टिकट नीति व्यवहारिक नै नभएकाले ८ वर्षसम्म लागु हुन नसकेको उनको भनाइ छ ।

'कागजमा शून्य लागत भनेर मात्रै हुँदैन, तर श्रम गन्तव्य मुलकुसँग यस्तो नीति कार्यान्वयन हुने गरी श्रम समझदारी नगरेसम्म व्यवहारमा यो लागु गर्न सम्भव छैन', उनी भन्छन्, 'अहिले सरकारले सबै श्रम गन्तव्य मुलुकका लागि निश्चित शुल्क तोक्नैपर्छ ।'

अहिले कामदार विदेश लैजान सबै खर्च रोजगारदाताले ब्यहोर्ने गरी साउदी अरेबिया, कतार, बहराइन, कुवेत र ओमानमा नेपालबाट श्रमिक पठाइएको छ । मेनपावर कम्पनीले सेवा शुल्कवापत बढीमा १० हजार रुपैयाँ मात्रै लिन पाउने व्यवस्था छ । मलेसिया र यूएईले त शून्य लागतमै श्रमिक लैजाने गरी नेपालसँग श्रम समझदार ी गरिसकेका छन् ।

तत्कालीन श्रम तथा रोजगार मन्त्रालयले २१ असार २०७२ मा प्रमुख ७ श्रम गन्तव्य मुलुकमा जाने नेपाली कामदारहरुको भिसा तथा टिकटको रकम रोजगारदाताले नै व्यहोर्नुपर्ने निर्णय गरेको थियो । रोजगारदाता कम्पनीबाट प्राप्त भएको फ्री भिसा र टिकट लुकाएर म्याननपावर व्यवसायीले श्रमिकसँग अवैध रुपमा चर्को सेवा शुल्क लिने गरेका छन् ।

अहिले मलेसियासहित खाडीमा जाने श्रमिकले म्यानपावर कम्पनीबाट १० हजार रुपैयाँ तिरेको रसिद बुझेर २ देखि ४ लाख रुपैयाँसम्म बुझाइरहेका छन् । वैदेशिक रोजगारीको क्षेत्रमा यो विषय धेरैको जानकारीमा भए पनि सरकारकै संरक्षण रहेको यस क्षेत्रका जानकारहरु बताउँछन् ।

वैदेशिक रोजगार विज्ञ डा. गणेश गुरुङ फ्री भिसा, फ्री टिकट कार्यान्वययनको सरकारले प्रभावकारी अनुगमन र नियमन नगर्दा श्रमिक ठगिइरहेको बताउँछन् । गर्नुपर्ने काम नगरेर सरकारले श्रमिक ठगिनुको दोष सेवा शुल्कको नीतिमाथि खन्याएर व्यवसायीलाई कमाउने अवसर दिइरहेको गुरुङ बताउँछन् ।

'सरकारले बलियो अनुगमन र नियमन गर्ने हो, पछाडि फर्किने कुरा श्रमिकको हितमा छैन । त्यसले अन्तर्राष्ट्रिय रुपमा पनि राम्रो सन्देश जाँदैन' उनी भन्छन् ।

**पछाडि फर्किंदै सरकार**

सरकारले 'फ्री भिसा-फ्री टिकट'को नीति पुनरवलोकनका लागि समिति बनाउँदा 'सम्भावित गन्तव्य मुलुक, सरकारीस्तरबाट श्रमिक पठाउने सम्भाव्यता र सेवा शुल्कसम्बन्धी अध्ययन गर्न बनेको कार्यदल'ले २८ साउन २०७५ मा दिएको प्रतिवेदन भने श्रम मन्त्रालयमै थन्किएको छ ।

प्रतिवेदनले सबै श्रम गन्तव्य मुलुकमा फ्री भिसा र फ्री टिकटको नीति अबलम्वन गर्न सिफारिस गरेको थियो । पूर्वराजदूत उदयराज पाण्डे संयोजकत्वको कार्यदलले विश्वव्यापी अभ्यासलाई हेरेर सबै मुलुकमा यो प्रणाली लागु गर्न सरकारलाई सुझाव दिएको थियो ।

कार्यदलले विश्वव्यापी रुपमा नै वैदेशिक रोजगारीमा श्रमिकहरु जाँदा लाग्ने सम्पूर्ण खर्च रोजगार दाताले व्यहोर्ने पद्धति (इम्प्लोयर पे मोडेल) लागु गर्नुपर्छ भन्ने मान्यता रहेको भन्दै अहिले लागु भएका ७ बाहेक बाँकी मुलुक तथा रोजगारीका क्षेत्रमा पनि श्रमिकहरुलाई निःशुल्क पठाउने व्यवस्था गर्न सुझाव दिएको थियो । यसका लागि सरकारले सम्बन्धित मुलुकसँग द्विपक्षीय श्रम सम्झौता वा समझदारी गर्नु उपयुक्त हुने प्रतिवेदनमा उल्लेख छ ।

यो प्रतिवेदनले सेवा शुल्क रोजगारदाताले नव्यहोर्ने खालका मागपत्रहरुको प्रमाणीकरणमा निरुत्साहन गर्न पनि सिफारिस गरेको थियो, जसबारे सरकार अनिर्णित छ ।

१८ पुस २०७५ मा सर्वोच्च अदालतले पनि फ्री भिसा र फ्री टिकटको निर्णय प्रभावकारी ढंगले लागु गर्न निर्देशनात्मक आदेश जारी गरेको थियो । यसका निम्ति आवश्यक कानुन तथा संयन्त्रको व्यवस्था गर्नू/गराउनू भनेर न्यायाधीशद्वय पुरुषोत्तम भण्डारी र केदारप्रसाद चालिसको संयुक्त इजलासले सरकारका नाममा आदेश दिएको थियो । तर, सरकारले अहिलेसम्म यो आदेश अनुसार कानुन र संयन्त्र बनाएको छैन ।

वैदेशिक रोजगार विज्ञ सोम लुइँटेल विगतमा मलेसिया र खाडी मुलुक जान ७०-८० हजार रुपैयाँ सेवा शुल्क तोकिंदा व्यवसायीले तेब्बरसम्म रकम लिएको पाइएको बताउँछन् । व्यवसायीले १० हजार सेवा शुल्क लिन पाउने गरी नीति बनेपछि पनि व्यवसायीको दर घटेन, उल्टै बढिरह्यो । तर, सरकारले मलेसियासहित यूएई र मोरिससँग रोजगारदाताले नै सबै खर्च व्यहोर्ने गरी श्रम समझदारी गरेको थियो । सरकारले अन्य देशसँग पनि श्रम समझदारीको मस्यौदामाथिको छलफलमा यो नीतिलाई आफ्नो 'बटमलाइन' बनाएको छ ।

'अब मलेसियासहितका देश सबै श्रमिक आपूर्ति प्रक्रियाका सबै खर्च रोजगारदाताले नै ब्यहोर्न तयार छन्, हामी चाहिं निश्चित महिनाको तलब श्रमिकले मेनपावर कम्पनीले तिनुपर्ने गरी नीति बनाउने जायज हुनै सक्दैन,' विज्ञ लुइँटेलले भने, 'यसले त हाम्रो कूटनीतिक बेइज्जती हुन्छ ।'

सरकारले नै मेनपावरले अवैध रुपमा चर्को शुल्क असुले भनेर श्रमिकको हित गर्ने नीति फेर्न लाग्नु आफैंमा हास्यास्पद भएको लुइँटेलले बताए । 'सरकारको नीति लागु गर्न सक्नुहुन्न भने मन्त्रीज्यूले पद छोड्नुपर्‍यो, हैन भने कार्यान्वयनबाट भाग्न मिल्दैन', उनले भने, 'अहिले जति शुल्क तोकेपनि भविष्यमा त्यो भन्दा बढी लिँदैनन् भन्ने ग्यारेन्टी के छ ?'

नेपाल हस्ताक्षरकर्ता रहेको 'ग्लोबल कम्प्याक्ट अफ माइग्रेसन' (जीसीएम) अनुसार नेपालले 'फेयर रिक्रुटमेन्ट' नीति लिनैपर्ने अवस्था समेत छ । फ्री भिसाको नीतिकै कारण अहिले 'फेयर रिक्रुटमेन्ट' सूचकमा नेपाल 'च्याम्पियन' राष्ट्रका रुपमा छ । 'जीसीएममा च्याम्पियन राष्ट्रका रुपमा रहेको देशले कामदारलाई महँगो सेवा शुल्कको मारमा पार्न मिल्दैन', उनले भने, 'यदि श्रमिकको हित चाहने सरकार हो भने सेवा शुल्कको नीति पुनरवलोकनलाई प्रधानमन्त्रीज्यूले नै रोकेर वैदेशिक रोजगार क्षेत्रको नियमनलाई कसिलो बनाउन लाग्नुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# ४ करोड खर्च गर्दै ५६ दिनमा सकियो 'पशुपति प्रसाद २'को छायांकन

काठमाडौं/दीपेन्द्र के. खनाल छोटो समयमा फिल्मको छायांकन सक्ने निर्देशकको रुपमा चिनिन्छन् । उनले एक महिनाभन्दा बढी समय कमै फिल्मको छायांकनमा लगाएका छन् । छायांकन कम समयमा सकिँदा बजेट बढ्न पाउँदैन । बजेट नबढ्नु भनेको बक्सअफिसमा दबाब स्वत: कम हुनु हो । त्यसैले निर्देशक खनाल फिल्मको छायांकन लम्बिन नदिन प्रि-प्रोडक्सनमा पर्याप्त मिहिनेत गर्ने गर्छन् ।

तर, सबै फिल्ममा छायांकन अवधि एउटै हुँदैन । दीपेन्द्रले नै फिल्म 'आमा' खिच्न ७२ दिन लगाएका थिए । फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन'को छायांकन पनि उनले झन्डै दुई महिना गरेका छन् । ५६औं दिनमा बिहीबार यो फिल्मको छायांकन सकिएको छ । एक महिनाको सेड्युल राखिएको भए पनि फिल्मको छायांकन अवधि लम्बिँदा २ करोड अनुमानित बजेट ४ करोड पुगेको छ ।

अब फिल्मलाई बक्स अफिसमा लगानी सुरक्षित गर्न झन्डै ९ करोडको दबाब रहनेछ । बलियो स्टारकास्ट र हिट फिल्मको सिक्वेल भएकाले फिल्मको व्यापारमा उछाल




आउने आँकलन गरिएको छ । बिहीबार पशुपति परिसरमा भष्मे डनको भूमिकामा रहेका अभिनेता विपिन कार्कीको सिन खिच्दै इन्डक्ल्याप गरिएको फिल्मलाई आगामी फूलपातीमा प्रदर्शन गर्ने तयारीमा निर्माण टिम छ ।

२०७३ सालको सफल फिल्म 'पशुपति प्रसाद'को चरित्र केन्द्रित सिक्वेलमा विपिनका साथै सौगात मल्ल, स्वस्तिमा खड्का, प्रकाश घिमिरे, रविन्द्र सिंह बानियाँ, मिस्श्री थापा, सजन थापा मगर लगायतको अभिनय छ । अघिल्लो श्रृंखलासँगको 'कनेक्सन'का लागि अभिनेत्री वर्षा सिवाकोटी र अभिनेता खगेन्द्र लामिछानेले पनि अभिनय गर ेका छन् । टुकी आर्टस्को ब्यानरमा फिल्म बनेको हो ।

खगेन्द्र लामिछानेले निर्माण गरेको फिल्मलाई उनी स्वयंले लेखेका हुन् । दीर्घ खड्काको सम्पादन रहने फिल्ममा निरज कँडेलको डिओपी, कृष्ण थापाको छायांकन, कृष्ण भारद्वाज तथा सुभाष भुषालको संगीत छ । फिल्मको विभिन्न देशमा प्रदर्शन अधिकार विक्री भैसकेको छ । छायांकनको क्रममा बाहिरिएको विपिन, स्वस्तिमा र सौगातको लुक्सले फिल्मलाई नै प्रतिक्षीत बनाएको छ ।

# 'डाकिनी'मा ट्रान्सवुमन रविन्द्र

काठमाडौं/चरित्रमा विविधता पस्किने कलाकार हुन्, रविन्द्र सिंह बानियाँ । 'पशुपति प्रसाद'को हनुमान पात्र होस् वा 'जात्रा' सिरिजको जोयश पात्र या 'महापुरुष'मा छोराको भूमिका, सबैमा उनले आफ्नो प्रभाव छाडेका छन् । उनले गर्ने पात्र समाजसँग नजिक हुन्छन् । र, चरित्र निर्माणमा उनको मिहिनेत पनि देखिन्छ । यसैले त थोरै फिल्म गरेर पनि उनको नाम अब्बल दर्जाको कलाकारमा आउँछ ।




यसबीच, रविन्द्रले अहिलेसम्मकै पृथक भूमिकामा काम गरेको नयाँ फिल्म 'डाकिनी' आज (जेठ ५) शुक्रबारबाट नेपालका सीमित मल्टीप्लेक्सहरुमा प्रदर्शन हुँदैछ । यो फिल्म उनी संलग्न षट्कोण आर्टस्को ब्यानरमा बनेको हो । निर्माणको चरणदेखि फिल्ममा उनको भूमिकाबारे खुलाइएको थिएन । प्रदर्शनको पूर्वसन्ध्यामा उनको भूमिका खुल्ने गरी एउटा पोस्टर सार्वजनिक गरिएको छ ।

पोस्टरमा उनलाई ठम्याउनै मुश्किल पर्छ । लामो कपालमा सिहुँरिएको गुलाबको फूल र गजरा (फूलको माला), आँखामा गाजल, ओठमा रातो रंगको लिपिस्टिक, गालामा पोते, हातमा चुरा, नङमा नेलपोलिस, सिउँदोमा सिन्दूर, निधारमा बिन्दी, चौबन्दी चोली र साडी लगाएका उनी ट्रान्सवुमन लुक्समा प्रस्तुत छन् । उनको यो लुक्सले फिल्मप्रति दर्शकमा थप कौतुहलता जगाउने निश्चित छ ।

यो फिल्म क्यूएफएक्सको छायाँ सेन्टर र लबिम मल, एफक्यूब सिनेमाज्, बिग मुभिज र एसके सिनेमामा मात्र प्रदर्शन हुनेछ । बौद्ध धर्मका ठूला गुरु मानिने खिन्से नोर्बु (जोङसार खिन्से रिम्पोछे)द्वारा निर्देशित फिल्ममा रविन्द्रसँगै छिरिङ तासी, तेन्जिङ कुन्सेल, कार्म, दिव्यदेव लगायतको अभिनय रहेको छ । व्यावसायिक प्रयोजनले फिल्म प्रदर्शन गर्न नलागिएको निर्माण टिमले जनाएको छ ।

# छोराको जन्मदिनमा एकसाथ देखिए निशा र शरद

काठमाडौं/क्रिकेटर शरद भेष्वाकरसँगको पाँच वर्ष लामो प्रेम सम्बन्धलाई २०७४ सालमा विवाहमा परिणत गरेकी अभिनेत्री निशा अधिकारीले गत वर्ष भदौ २८ गते काठमाडौं जिल्ला अदालतमा श्रीमानविरुद्ध अंशबन्डाको मुद्दा हालेपछि उनीहरुको दाम्पत्य जीवनमा संकट उत्पन्न भएको चर्चाले फिल्म र क्रिकेट क्षेत्र राम्रै गर्मायो । निशाले डिभोर्स नगरी नै शरदविरुद्ध अंशबन्डाको मुद्दा हालेकी थिइन् ।

निशाले आफू र छोरालाई अंशभाग लगाउनुपर्ने माग गर्दै हालेको मुद्दामा अदालतले भेष्वाकरको सम्पत्तिको फाँटबारी (सम्पत्तिको सम्पूर्ण विवरण) माग गर्न आदेश दिएको थियो । यस विषयलाई लिएर टिकाटिप्पणीहरु हुन थालेपछि निशाले फेसबुकमार्फत् यो आफूहरुको व्यक्तिगत मामला रहेको बताउँदै अत्यन्त परिपक्वताका साथ राम्रो तरिकाले काम गरिरहेको प्रष्टीकरण दिएकी थिइन् ।

वैवाहिक जीवन संकटमा रहेको चर्चाबीच निशा र शरद छोराको जन्मदिनमा एकसाथ देखिएका छन् । निशाले बिहीबार सामाजिक सञ्जालमा छोरा युभानको ५औं वर्षको जन्मदिन सेलिब्रेसनका केही तस्विरहरु सेअर गरेकी छन्, जसमध्ये एउटामा उनी श्रीमान् र छोराको साथमा देखिएकी छन् । तस्विरमा दुवै हर्षित देखिन्छन् । निशाले झन्डै डेढ वर्षपछि शरदसँगको तस्विर सेअर गरेकी हुन् ।

# ९ महिनाभित्र संघीय निजामती ऐन जारी गर्न सर्वोच्चको आदेश

काठमाडौं/सर्वोच्च अदालतले संविधानले पहिचान गरेका सबै वर्ग र समूहलाई आरक्षणको व्यवस्था गरेर ९ महिनाभित्र संघीय निजामती सेवा ऐन जारी गर्न सरकारका नाममा परमादेश दिएको छ ।

लोकसेवा आयोग र सार्वजनिक संस्थाले गरेको कर्मचारी भर्नाको सूचनामा थारु समुदायलाई आरक्षण नदिएको भन्दै थारु कल्याणकारिणी सभा र अधिवक्ता श्रवणकुमार चौधरीले दायर गरेको रिटमाथिको फैसलाको पूर्णपाठमा सर्वोच्चले संविधानले तोकेका सबै वर्ग र समूहलाई आरक्षणको व्यवस्था गरेर ९ महिनाभित्र संघीय निजामती सेवा ऐन जारी गर्न परमादेश दिएको हो ।

सरकारी विज्ञापनमा थारु समुदायलाई आरक्षण नदिएको भन्दै दायर रिटमा सर्वोच्च अदालतका न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ र डा. आनन्दमोहन भट्टराईको संयुक्त इजलासले २०७९ माघ २४ गते फैसला गरेको थियो। सो फैसलाको हालै सार्वजनिक पूर्णपाठमा संविधानले सामाजिक न्यायको हक अन्तर्गत समेटेका सबै वर्ग र समूहलाई कानुनमै तोकेर आरक्षण दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको नाममा परमादेशको आदेश दिएको छ ।

संविधानको धारा ४२ मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपांगता भएका व्यक्ति लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक, तथ आर्थिक रुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने उल्लेख छ । यीमध्ये थारुसहित कतिपय समुदायले हालसम्म सरकारी विज्ञापनमा आरक्षण पाएका थिएनन् ।

'आरक्षणको व्यवस्थाको कार्यान्वयन कानुन मार्फत गरिनुपर्ने हुँदा संघीय निजामती ऐन तथा अन्य ऐन, नियम विमियम समेतका सेवा सम्बन्धी कानुनी व्यवस्थाको निर्माण लगायत आवश्यक सबै प्रबन्ध मिलाउने कार्य यो आदेश प्राप्त भएको ९ महिनाभित्र सम्पन्न गर्नु गराउनू भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय समेतका विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरिएको छ' फैसलामा भनिएको छ ।

संविधानले सकारात्मक विभेदसम्बन्धी व्यवस्था ३ वर्षभित्र कार्यान्वयन गर्ने उल्लेख गरे पनि हालसम्म कानुन निर्माण नगरेको भन्दै फैसलामा असन्तुष्टि जनाइएको छ । सर्वोच्चले आरक्षणसम्बन्धी आफ्नै एक फैसला सम्झाउँदै भनेको छ, "सो विषयमा कानुन निर्माण गर्नु भन्ने यस अदालतबाट निर्देश भएको यतिका वर्ष बितिसक्दा पनि हालसम्म सो व्यवस्था हुन नसकेको पाइएकोमा यस बारेमा अब धेरै कुर्ने अलमल गर्ने कुरा संविधानको व्यवस्थाहरुको रोहमा स्वीकारयोग्य हुने देखिएन ।'

मौलिक अधिकारको रुपमा प्रत्याभूत व्यवस्थाको कार्यान्वयनका लागि संविधानले नै तीन वर्षभित्र कानुन बनाउने भनेर तोके पनि कार्यपालिका वा विधायिकी बुद्धिमत्ता वा अन्य कुनै कारण उल्लेख गरी विलम्ब गर्नु स्वीकार्य नहुने पनि फैसलामा उल्लेख गरिएको छ । फैसलामा थारु समुदाय मात्र नभई अन्य समुदाय पनि मुद्दा लिएर सर्वोच्च आइरहेको भन्दै आरक्षण दिनुपर्ने सबै समुदायलाई कानुन मार्फत एकै पटक सम्बोधन गर्न आदेश दिइएको छ ।

हाल लोकसेवा आयोग र सार्वजनिक संस्थाले कर्मचारी पदपूर्ति गर्दा ४५ प्रतिशत सिट आरक्षणतर्फ छुट्याउने गरेका छन् । सर्वोच्चले आरक्षणको लागि छुट्याएको ४५ प्रतिशतलाई १०० प्रतिशत बनाई सो व्यवस्थामा वर्तमान संविधानले पहिचान गरेका सामाजिक, सांस्कृतिक र आर्थिक रुपले पिछडिएको कुन वर्ग र समूहको लागि के कति प्रतिशतको दरले गरिनुपर्ने हो भन्ने विषयमा विधायिकाबाटै यकिन गरी संविधानले पहिचान गरेका सबै वर्ग र समूहलाई आरक्षण दिन भनेको हो ।

आरक्षणको व्यवस्था गर्दा जुन वर्ग र व्यक्तिका लागि आरक्षण आवश्यक हो त्यसमा पुग्ने गरी कानुनी व्यवस्था गर्न भनिएको छ । "निश्चित मानकको आधारमा जुन वर्ग र व्यक्तिको लागि आवश्यक हो त्यसमा पुग्ने र आरक्षित वर्गमा परेर पनि व्यक्तिगत र पारिवारिक उन्नति गरिसकेका र आरक्षणको सुविधा नचाहिने देखिएका उपल्लो तप्काका व्यक्तिहरु बाहेक गर्न सकिने यथार्थपरक व्यवस्था र प्रबन्ध गर्नुपर्छ' फैसलामा भनिएको छ । त्यसो गरेमा मात्र तत्काल अधिकारमा समान पहुँच र उपभोगमा समानता कायम हुने र समतामूलक समाज निर्माण गर्ने संविधानको लक्ष्य सार्थक हुने फैसलामा उल्लेख गरिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाईं हामी सबैको कुरा"


साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# ‘काकाकुल’ टिष्टुङको घरैपिच्छे खानेपानी पुगेपछि...

साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/एका विहानै कुवामा पुग्नैपर्ने, नपुगे दिनभरी घरमा ‘थोप्पो’ पानी हुँदैन थियो । रातभर कुवामा जम्मा भएको पानी विहान भेला भएका महिलाहरु मग (पानी उभाउने भाँडो) ले भाग लगाउँथे ।

कसैको घरमा पाहुना आएको भए एक/दुई मग थपिदिन्थे । परिवार संख्या अनुसार पानीको बाँडफाँड हुन्थ्यो । वर्षौंसम्म खानेपानीको अभाव खेपेका मकवानपुर टिष्टुङ कुवापानीले धेरै पुस्ता फेर्यो । गाउँको नामै कुवापानी । गाउँमा प्रतिनीधि निर्वाचित भएर आएपछि खानेपानी घरघरमा पुऱ्याउने योजना बन्यो, उपभोक्ता उत्साहित भए । कुवापनीसंगै थाहा नगरपालिका वडा नम्बर ११ टिष्टुङकै कालोपानी ठाडोखोलामा पनि घरैपिच्छे शुद्ध खानेपानीसहित धारा पुऱ्याउने योजना थपियो । कुवापानीले अहिले मुहार फेरेको छ । मगले पानी भाग लगाउने दिनको अन्त्य भएको छ ।

‘निरन्तरको प्रयासपछि कुवापनी गाउँका २८ वटै घरमा धारा जडान भएको छ । धारामा नियमित पानी आउँछ’, कुवापानीकी निरा घिसिङले भनिन् । ‘खानेपानी बोक्न जाँदा बालबालिकालाई समयमै खाना बनाउन नभ्याएर कतिपटक गाउँलेहरुले स्कूलसम्म पठाउन भ्याउँदैन थिए,’ उनले पुराना दिन सम्झिइन् । खानेपानी लिनकै लागि जंगलमा रहेको कुवामा पुग्न कुवापानीबासीलाई डेढ घण्टासम्म लाग्थ्यो । थाहा नगरपालिका वडा नम्बर ११ का वडाध्यक्ष दिनेश तामाङले भने, ‘अन्नको भन्दा नि दु:ख पानीको थियो, अहिले दु:ख तोडियो नागरिकहरु खुशी छन् ।’, विकासका कामसँगै घरघरमा धारा पुऱ्याउँदा निकै खुशी लागेको वडाध्यक्ष तामाङले बताए ।



‘नागरिकको लागि काम गर्ने हामी प्रतिनिधिलाई नागरिकको आवश्यकता पूरा गर्न पाउँदा खुशी लाग्ने रहेछ’, उनको प्रतिक्रिया थियो। विद्युतको सहायताले मुहानदेखि २२ सय मिटरमाथि लिफि्टङ गरी वस्ती भन्दामाथि निर्माण गरिएको पानी ट्ंयाकीबाट अहिले कुवापानीबासीलाई खानेपानी वितरण भइरहेको छ । खानेपानी आयोजनाका लागि स्थानीय सरकारको मात्र लगानीले पुगेन । यसका लागि उपभोक्ताहरु कम्मर कसेर लागे । खानेपानीको अभाव टार्न २८ परिवारले ५३ लाख जुटाए । उनीहरु महिनौसम्म श्रमदानमा जुटेर यति धेरै लगानी गरेका हुन् । गाउँका लागि आएको योजनामा श्रमदान गर्दा योजनाको मायाँ पनि हुने र दीगोपना आउने भएपछि उपभोक्ताहरु उत्साहित भएको वडाध्यक्ष तामाङले सुनाए ।

कुवापानी खानेपानी आयोजनाका लागि थाहा नगर पालिकाले २० लाख, गैरसरकारी संस्था च्वाइस नेपालले २५ लाख लगानी गरेका छन् । बाँकी श्रमदानबाटै योजना निर्माण भएको हो । ‘आयोजनाको लागि अझै ८५ हजार जति अपुग छ’, वडाध्यक्ष तामाङले भने । उनले नपुग रकमको लागि स्रोत जुटाउन लागिपर्ने प्रतिवद्धता व्यक्त गरे । यस योजनामा ६/६ हजारको दुईवटा र एउटा १० हजार लिटरको गरी तीनवटा खानेपानी ट्ंयाकी रहेका छन् । कुवापानीबासीका जस्तै खानेपानीका लागि अभाव झेलिरहेका थाहा नगरपालिका वडा नम्बर ११ टिष्टुङकै फलाँटे, भट्टिडाँडा, तल्लो देउराली, माथ्लो देउराली लगायतका क्षेत्रका बासिन्दाहरुको पनि घरघरमा खानेपानी धारा जडान भएको छ ।

यी दुवै आयोजनाको विधिवत् रुपमा ३ जेठमा उद्घाटन भएको छ । थाहा नगरपालिका नगर प्रमुख विष्णुबहादुर विष्टले आयोजनाको उद्घाटन गरेका हुन् । ‘खानेपानी आयोजनामा टिष्टुङका उपभोक्ताको लगाव र लगानी उदाहरणीय छ, श्रमदानमा भएको उत्साह अतुलनीय छ’, नगर प्रमुख विष्टले भने । थाहा नगरपालिकाको विभिन्न किसिमका विकास र आयआर्जनको क्षेत्रमासमेत साझेदारी गर्दै आएको च्वाइस नेपालको लगानी थाहा नगरका लागि सहयोगी सावित भएको नगरप्रमुख विष्टले बताए । नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने योजनामा पालिका साझेदार बन्ने विष्टको भनाइ थियो ।

१ सय ६७ घरमा पानी पुऱ्याइएको यस योजनामा मुख्य ५० हजार लिटरसहितको ३ वटा पानीट्ंयाकी रहेको छ । टिष्टुङको यस योजनामा ‘एक घर, एक धारा’ अभियानलाई कार्यान्वयनमा ल्याइएको छ । कालोपानी ठाडोखोला खानेपानी आयोजनाका लागि थाहा नगर पालिकाको ४५ लाख लगानी छ । उक्त योजनाका लागि गैरसरकारी संस्था च्वाइस नेपालले ८० लाख र स्थानीय उपभोक्ताले ५६ लाख बराबरको श्रमदान जुटाएका छन् । कुल १ करोड ८१ लाख कुल लागत रहेको योजनाको काम सकिएको छ । उपभोक्ताले प्रतिवद्धताको साथ काम गरेकोले योजना सम्पन्न भइ घरघरमा धारा पुऱ्याउन सफल भएको वडा कार्यालयले जनाएको छ ।

यस आयोजनामा उपभोक्ताले कार्यालय भवन समेत बनाएका छन् । उनीहरुले खानेपानी सेवालाई व्यवस्थित गर्न इस्टिमेट बाहेकको श्रमदान गरी भुईतले कार्यालय भवन निर्माण गरेका हुन् । भवनको लागत करिब २० लाख रहेको छ । खानेपानी आयोजना सम्पन्न भई घरघरमा पानी थाप्न पाएपछि स्थानीय ठूली स्याङ्तानले खुशी व्यक्त गरिन् । ‘टाढाबाट बोकेर पानी खाइन्थ्यो, अब घरमै धारामा थापेर खाइन्छ’ स्याङ्तानले हर्षित हुँदै भनिन् । उनले यस आयोजना सम्पन्न गर्न सहयोग गर्ने सबैलाई धन्यवाद दिइन् ।

थाहानगरको ११ नम्बर वडामा निर्माण सकिएको दुवै खानेपानी आयोजना शुल्कमा आधारित बनाई यसको दीगोपना दिइने वडाध्यक्ष दिनेश तामाङले बताए । योजनाको ३० वैशाखमा सार्वजनिक सुनुवाई गरी आमनागरिकलाई हिसाबकिताब सार्वजनिक गरिएको र ३ जेठमा आयोजनाको उद्घाटन गरिएको हो । केही समय परीक्षणका रुपमा खानेपानी वितरणसंगै आम उपभोक्ता भेला आयोजना गरिने वडाध्यक्ष तामाङले बताए । भेलाले महशुल दर तोक्ने, आयोजना निरन्तर संचालन गर्ने लगायतका विषयमा कार्ययोजना निर्माण गरी अघि बढ्ने उनको भनाइ छ ।

यसका लागि उपभोक्ता, थाहा नगरपालिका र सहयोगी संस्था च्वाइस नेपालको अभिभावकत्व सँधै आवश्यक रहने तामाङको भनाइ छ । खानेपानी उद्घाटन कार्यक्रममा नगर प्रमुख विष्ट, उपप्रमुख भरत गोपाली, वडाध्यक्ष दिनेश तामाङ, च्वाइस नेपालका कन्ट्री डाइरेक्टर प्रतीक शर्मा, पालुङ कार्यालयका कुलप्रसाद तिवारी, प्रताप घिमिरे, जनप्रतिनीधिहरु, स्थानीय संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु, उपभोक्तालगायतको उल्लेख्य उपस्थिति रहेको थियो ।

# सार्वजनिक गाडीको भाडा घटाउँदै प्रदेश सरकार

साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/नेपाल आयल निगमले डेढ महिनामा डिजेल र मट्टीतेलको मूल्य २० रुपैयाँले घटाएसँगै बागमती प्रदेश सरकारले पनि सार्वजनिक सवारीको भाडा घटाउने तयारी गरेको छ ।

प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले गाडीको भाडा घटाउने तयारी गरेको हो । गाडीको भाडा घटाउने बिषयमा आन्तरिक छलफल भइरहेको र त्यस अनुसार केही दिनमै निर्णय गरिने श्रम, रोजगार तथा यातायात मन्त्रालयका सचिब आस्मान तामाङले बताए । सार्बजनिक गाडीको भाडा घटाउने बिषय अहिले छलफलकै चरणमा रहेको र त्यस अनुसार काम गरिने उनले बताएका छन् । गत चैत २० गते डिजेल र मट्टीतेलको मूल्यमा प्रतिलिटर १०-१० र पेट्रोलमा ३ रुपैयाँ मूल्य घटाएको निगमले फेरि जेठ २ गतेदेखि लागू हुने गरी डिजेल र मट्टीतेलमा प्रतिलिटर १०-१० रुपैयाँले भाउ घटाएको छ ।

संघीय सरकारले अन्तर प्रदेशमा गुढ्ने सवारीका साधनको भाडा घटाएको छ । तर, प्रदेश सरकारले केही दिनमा मात्र घटटाउने जनाएको छ । संघीय सरकारले भाडा घटाए पनि मकवानपुरमा सार्वजनिक सवारीसाधनले सरकारकै निर्णय कार्यान्वयन गरेका छन् । बिहीवार भेटिएका यात्रुले भाडा नघटेको जानकारी दिए । चैत २० गते अघि डिजेल र मट्टीतेलको भाउ प्रतिलिटर एक सय ७५ रुपैयाँ थियो । त्यसबेला डिजेलको मूल्य घट्दा पनि सार्वजनिक यातायातको भाडा घटेको थिएन । यातायात व्यवस्था विभागले २०७८ चैत १७ मा इन्धनको बजार मूल्य ५ प्रतिशत वा त्यसभन्दा थप बढे वा घटेमा भाडा समायोजन गर्नुपर्ने निर्णय गरेको थियो ।

वैज्ञानिक प्रणालीअनुसार डिजेलमा ५ रुपैयाँ घट्दा सार्वजनिक यातायातको भाडा दर स्वत: कम हुनुपर्ने हो, तर भाडा नघट्दा यात्रु र उपभोक्ता मारमा पर्दै आएका छन् । डिजेलको मूल्य प्रत्यक्ष उपभोक्तासँग नै जोडिन्छ । मूल्य बढ्दा ढुवानी भाडा बढ्छ भने त्यसको प्रत्यक्ष प्रभाव सबै ढुवानी सेवादेखि खाद्य वस्तुसम्ममा पर्छ । डेढ महिनाको बीचमा डिजेलको मूल्य प्रतिलिटर २० रुपैयाँले घटेको अवस्थामा सार्वजनिक गाडीको भाडा पनि घटाउने गरी गृहकार्य भैरहेको यातायात व्यवस्था विभागले जनाएको छ ।

संघीय सरकारले लामो दूरीको सार्वजनिक यातायातको भाडा घटाएको छ । डिजेल र मट्टीतेलमा प्रतिलिटर १० रुपैयाँले मूल्य घटेलगत्तै यातायात व्यवस्था विभागले यात्रुबाहक र मालबाहक गाडीको नयाँ भाडादर सार्वजनिक गरेको हो । यातायात व्यवस्था विभागले घटेको मूल्य आजदेखि नै लागू भएको जनाएको छ । विभागका अनुसार यात्रुबाहक सवारी साधनमा ३ दशमलव २० प्रतिशतले, पहाडी बाटोमा सन्चालन हुने मालबाहक गाडीमा ४ दशमलव १९ प्रतिशतले र तराईको बाटोमा सन्चालन हुने मालबाहक गाडीमा ४ दशमलव ६५ प्रतिशतले भाडा घटेको छ ।

अन्तर प्रदेशको भाडा केन्द्र सरकारबाट र अन्तरपालिकाको भाडा प्रदेश सरकारबाट निर्धारण हुन्छ । सबैभन्दा लामो रुट काठमाडौं-अत्तरीया-मार्तडी (बाजुरा) (९४४ दशमलव ६ किमी) को २ हजार ९ सय ५९ रुपैयाँ भाडादर कायम भएको छ ।


## पालुङ्ग बहुउद्देश्यीय सहकारी सस्था लि.

PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD


पालुङ, मकवानपुर । Palung, Makawanpur

## तपशिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०२/०५

यस सहकारी संस्थाबाट तपशिलका ऋणीहरुलाई तपशिलमा उल्लेख भए बमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिकाअनुसार बुझाउनु पर्ने सावाँ ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटकपटक म्याद दिँदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस दिन) भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्बन्धि सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा अशूल्ने क्रममा तपाईले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति बेच विखन गरी कर्जा रकमअसूलउपर गरी लिइनेछ । सोबाट समेत असुलउपर हुनु पर्ने सम्पूर्ण रकम असुलउपर हुन नसकेमा प्रचलित कानूनअनुसार तपाई ऋणीको अन्य चल अचल सम्पत्ति, जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकम असुलउपर गरि लिनेछ । उपरोक्त कारवाहीको शिलशिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोहीअनुसार भै जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम :** रुपचन्द्र गोपाली<br>बाबुको नाम : बुद्धिलाल गोपाली<br>बाजेको नाम : मानबहादुर गोपाली<br>ना.प्र.प.नं.४४/९४३<br>जारी मिति: २०५८/०३/२०<br>ठेगाना: बज्रबाराही-७, मकवानपुर<br>**व्यक्ति गत मञ्जुरी दिने**<br>नाम: बुद्धिलाल गोपाली<br>बाबुको नाम:मानबहादुर गोपाली<br>बाजेको नाम: रत्नमान गोपाली<br>ना.प्र.प.नं. ३१२०<br>जारी मिति: २०३९/१२/१६<br>ठेगाना: थहचोक ७, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>नाम: बिरेन्द्र गोपाली<br>बाबुको नाम: विलबहादुर गोपाली<br>बाजेको नाम: शेर बहादुर गोपाली<br>ना.प्र.प.नं. २२/१७१३८<br>जारी मिति: २०६१/०७/१५<br>ठेगाना: बज्रबाराही २, मकवानपुर | <br><br> | बुद्धिलाल गोपालीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ३ स्थित कि.नं. १६३३/१३९६/१४१९/८३० को क्षेत्रफल २-१०-०-०/०-९-०-०/२-३-३-०/२-९-३-० को जग्गा ।<br><br>बिरेन्द्र गोपालीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. १३४७/१३४२/१५६ को क्षेत्रफल ०-६-२-०/०-१४-२-१/१-१-०-० को जग्गा । |
| २ | **नाम :** मोहनमाया गोपाली<br>पतिको नाम : ज्वारीलाल गोपाली<br>बाबुको नाम : सिमदर गोपाली<br>ना.प्र.प.नं.२७०२<br>जारी मिति: २०५८/०३/२०<br>ठेगाना: बज्रबाराही ७, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>नाम: ज्वारीलालगोपाली<br>बाबुको नाम: पुर्ण बहादुर गोपाली<br>बाजेको नाम: सिद्धिलाल गोपाली<br>ना.प्र.प.नं. २१२८८<br>जारी मिति:२०४८/०६/०६<br>ठेगाना: टिष्टुङ ३, मकवानपुर | <br> | ज्वारीलाल गोपालीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ३/४ स्थित कि.नं. ९९७/९४९/१७९/११४०/१८३७ को क्षेत्रफल ०-४-१-०/२-३-०-०/५-१५-२-०/६-०९-०-०/०-४-०-०को जग्गा । |
| ३ | **नाम :** रत्नबहादुर पोडे<br>बाबुको नाम : सुकुमान पाडे<br>बाजेकोको नाम : शंखबिर पोडे<br>ना.प्र.प.नं. ६<br>जारी मिति: २०४३।०५।३०<br>ठेगाना: टिष्टुङ २, मकवानपुर<br>**व्यक्तिगत जमानत दिने**<br>नाम : सुकुमानपोडे<br>बाबुको नाम : शंखबिर पोडे<br>बाजेको नाम : तेजबिर<br>ना.प्र.प.नं. ५६<br>जारी मिति: २०४०।०१।११<br>ठेगाना: टिष्टुङ २, मकवानपुर | <br> | सुकुमान पोडेको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. १००० को क्षेत्रफल २-८-२-० को जग्गा । |
| ४ | **नाम :** रन्जनकुमार कठायत<br>बाबुको नाम : मिाबहादुर कठायत<br>हजुरबुबाको नाम: हर्के बहादुर कठायत<br>ना.प्र.प.नं. २४८६९<br>जारी मिति: २०५०।११।२९<br>ठेगाना: इपापंचकन्या ७, मकवानपुर<br>(हाल हेटौंडा ५, मकवानपुर) |  | |


# यातायात व्यवसायी महासंघमा कार्की

साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ मकवानपुरको जिल्ला भेला भएको छ । बुधबार भएको कार्यक्रममा जिल्ला समन्वय समिति संयोजक ठाकुरनाथ सुवेदीको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि महासंघका बागमती प्रदेश संयोजक सुमन गिरी रहेका थिए । अतिथि नेपाल ट्रक ट्याङ्कर व्यवसायी महासंघका अध्यक्ष हीरालाल श्रेष्ठ, महासंघ सहकोषध्यक्ष अर्जुन गौतम, व्यवसायी नवराज घिमिरे, रञ्जना वर्तौला, नारयणी यातायात कम्पनी प्रा. लि.का अध्यक्ष गोर्कण पराजुली रहेका थिए ।

कार्यक्रममा सार्वजनिक मकवानपुर यातायात प्रा. लि. का अध्यक्ष ज्ञानेन्द्रबहादर कार्कीले कार्यक्रम संचालन गरेका थिए । यातायात व्यवसायीको समस्यालाई महासंघसम्म पुऱ्याउन जिल्ला समितिको आवश्यक भएकोले सक्रिय रुपमा लागि पर्नुपर्ने र व्यवसायीको गुनासो एवम् समस्या समाधन गर्न बागमती प्रदेश समितिको सहयोग रहने प्रमुख अतिथि गिरीले बताएका छन् ।

यातायात व्यवसायीको समस्यालाई नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले संवोधन गर्नुपर्नै कुरामा सहभागीहरुले जोड दिएका थिए । भेलाले नयाँ कार्यसमिति चयन गरेको छ । जानेन्द्रबहादुर कार्कीको संयोजकतत्वमा ११ सदसीयको नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । सचिव भीमप्रसाद गौतम, कोषाध्यक्ष तिलकबहादुर कार्की रहेका छन् ।

यसैगरी सदस्यहरु नारायण सुवेदी, जलालदिन मिया, पर्शुराम गिरी, कृष्णबहादुर न्यौपाने, विकास लम्साल, रामचन्द्र बर्तौला, हरिशरण पुडासैनी र महिलासदस्य भीमकुमारी स्याङ्तान चयन भएकी छन् । सल्लाहकारमा हीरालाल श्रेष्ठ, गोकर्ण पराजुली, ठाकुरनाथ सुवेदी, राजेश खड्गी र हरिबहुर राउत रहेका छन् ।

# बकैयामा कांग्रेसको कार्यकर्ता भेला

साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/नेपाली कांग्रेस मकवानपुर क्षेत्र नम्बर १ को प्रदेशसभा (क) समितिको आयोजनामा बिहीबार बकैयाको हात्तिसुँढेमा कार्यकर्ता भेला तथा अन्तरक्रिया कार्यक्रम भएको छ ।

कांग्रेसको केन्द्रीय परिपत्र बमोजिम वडा, गाउँपालिका, जिल्ला र प्रदेशको भेला गर्ने कार्यक्रमअन्तर्गत कांग्रेसको मकवानपुर क्षेत्र नम्बर १ को (क) को भेला भएको हो । कांग्रेस मकवानपुर क्षेत्र नम्बर १ को (क)का प्रदेश सभापति सुशान्तकुमार श्रेष्ठको सभाध्यक्षता तथा कांग्रेस केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँको विशिष्ट आतिथ्यता रहेको थियो ।

कार्यक्रममा कांग्रेसका नेता तथा कार्यकर्ताको जिज्ञासा र पार्टीको भावी रणनीतिको बारेमा नेताद्वय डीना र बानियाँले जवाफ दिएका छन् । अन्तरक्रिया कार्यक्रममा कांग्रेस मकवानपुर सभापति बुद्ध लामा, पूर्वसभापति रघुरमण न्यौपाने, जिल्ला उपसभापति धर्मराज लामिछाने, महासमिति सदस्य जयराम लामिछाने, जिल्ला सदस्य आनन्दराम पराजुली, संघीय सभापति दामोदर खनाल, बकैया गाउँपालिका सभापति दिलबहादुर भोम्जन, मकवानपुरगढी गाउँपालिका सचिव आईतसिं लो, बकैया-७ का वडासभापति पोषबहादुर घिमिरे लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# चकरी खोलामा डुबेर घलानको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/ हेटौंडा उपमहानगरपालिका-१२ स्थित चकरी खोलामा डुबेर एक जनाको मृत्यु भएको छ । हेटौंडा-१९ बस्तीपुरका ५० वर्षीय बीरबहादुर घलान बिहीवार चकरी खोलामा डुबेर मृत अवस्थामा फेला परेका हुन् ।

घलानलाई खोलामा डुबिरहेको देखेपछि टिपर चालकहरुले पानीबाट पाखामा निकाली राखेको अवस्थामा प्रहरी पुगेको बताइएको छ । मृतक घलान छारेरोगी रहेको आफन्तलाई उदृत गर्दै जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीका अनुसार घटनाको थप अनुसन्धान तथा मुचुल्काको लागि प्रहरी निरीक्षक दीपक केसीको नेतृत्वमा घटनास्थलमा प्रहरी खटाइएको छ ।


“सुनमा शुद्धता डिजाइनमा आधुनिकता”

## आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**


सम्पर्क नं. : ९८४५५३९५६३, ९८१५२२४३४३



## हार्दिक बधाई तथा शुभकामना



ज्ञानेन्द्र बहादुर कार्की



कृष्ण बहादुर न्यौपोने



पर्शुराम गिरी

मिति २०८०/०२/०३ गते सम्पन्न भएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ मकवानपुर जिल्ला भेलाबाट जिल्ला संयोजकमा यस सार्वजनिक मकवानपुर यातायात प्रा.लि.का अध्यक्ष **ज्ञानेन्द्र बहादुर कार्की**, र सदस्यमा यस कम्पनीका सञ्चालक **कृष्ण बहादुर न्यौपोने, पर्शुराम गिरी** सर्वसम्मत चयन हुनु भएकोमा वहाहरु लगायत सम्पूर्ण जिल्ला समिति एवं सल्लाहकार समितिको सफल कार्यकालको शुभकामना सहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**सार्वजनिक मकवानपुर यातायात व्यवसायी प्रा.लि.परिवार**

एवं

**कर्मचारी परिवार**



नेपालमा हृदयघातको बिरामी बढ्दै गइरहेको छ । यस रोगबाट मृत्यु र अन्य दीर्घकालीन समस्या हुन सक्छ । खुसीको कुरा, हाम्रो आफ्नो नियमित वानी व्यहोराले हृदयघात बाट बच्न सकिन्छ ।

**कस्तो बानिव्यहोराले बच्न सकिन्छ त ?**

☞ सूर्तीजन्य पदार्थ प्रयोग नगर्ने,
☞ मध्यपान सेवन नगर्ने,
☞ स्वास्थ्यकर खाना खाने,
☞ नियमित रुपमा व्यायाम गर्ने,

**निम्न लक्षण देखिएमा तुरुन्त स्वास्थ्य जाँच गराउने**

१. छातिको बिच भागमा वा बायाँतिर दुख्ने र सो दु:खाई घाँटी, बायाँ पाखुरातिर सर्ने भएमा ।
२. छातिमा भारीपन वा मन्द मन्द दुखेमा ।
३. छाति दुख्नुको सँगसँगै पसिना आउने, वाकवाकी लाग्ने, उल्टी हुने, डर लाग्ने, छटपटी हुने, मुटुको ढुकढुकी बढ्ने, रिंगटा लाग्ने भएमा ।

बागमती प्रदेश सरकार अन्तर्गत रहेको १३ प्रादेशिक अस्पतालका चिकित्सक एवं स्वास्थ्यकर्मीहरुलाई हृदयघात व्यवस्थापन तालिम दिई सेवा सुरु भइसकेको र बागमती प्रदेशका बिरामीहरुलाई शहिद गंगालाल हृदय केन्द्रको सुपरिवेक्षण सेवा प्रदान सुरु गरेको हुँदा स्वास्थ्यकर वानी अपनाई रोगबाट बच्न र समस्या देखिएमा तुरुन्त स्वास्थ्य जाँच गराउन अनुरोध छ ।

बागमती प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना